## COVID-19 को महामारीका वखत नेपाल दूरसंचार प्राधिकरणवाट भएका मुख्य गतिविधि सम्बन्धमा प्राधिकरणवाट जारी गरिएको प्रेष विज्ञप्ती

विश्वब्यापी रुपमा फैलिएको COVID-19 को महामारीका वखत संभावित संक्रमणलाई दृष्टिगत गरी नेपाल सरकारवाट मिति २०७६/१२/११ देखि अत्यावश्यक सेवा सूचारु गरी मुलुकभर बन्दाबन्दी (Lock Down) गरिएको अवस्थावाट सृजित विषम परिस्थितिमा अति आवश्यक सेवाका रुपमा स्थापित सूचना प्रविधि तथा दूरसंचारको महत्व, औचित्य तथा आवश्यकता अझै बढेको सन्दर्भमा नेपाल दूरसंचार प्राधिकरणवाट सो सम्बन्धमा भएका मुख्य मुख्य गतिविधिहरु देहाय वमोजिम भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागि प्रेषित गरिएको छ ।

१. **मोवाइलमा सापटी सिमा बृद्धि गर्ने र** Recharge Bonus **को स्वीकृति दिने गरी प्राधिकरणवाट मिति २०७६/१२/११ मा निम्न वमोजिम निर्णय गरिएको :**

नेपाल सरकारले COVID-19 (Corona Virus) को रोकथाम र संक्रमण फैलिन नदिन नेपालभर मिति २०७६ चैत्र ११ देखि Lock Down गर्ने निर्णय गरेकोले सो अवधिमा दूरसञ्चार सेवाका उपभोक्ताहरुले सहजै बजारमा Recharge Card खरिद गर्न नसक्ने र सबै उपभोक्ताहरुको पहुँचमा Online Recharge (Topup) गर्ने व्यवस्था उपलव्ध हुन नसक्ने भएकोले सेवा प्रदायकहरुले मोवाईल सेवाको निर्वाध प्रयोगलाई निरन्तरता दिन सापटि सेवाको सिमा बृद्धि गरिदिन अनुरोध गरेकोले हालको आपतकालिन अवस्थामा निश्चित अवधिको लागि सबै सेवा प्रदायकहरुले हाल उपलब्ध गराउँदै आएको सापटि सुविधाको सिमामा अतिरिक्त अन्य कुनै शुल्क नलाग्ने गरी अधिकतम रु. २००।- सम्म सिमा बृद्धि गर्न निर्देशन दिइएको । साथै Recharge Amount बराबरको Recharge Bonus लगायत अन्य विभिन्न Package हरु अतिरिक्त शुल्क नलाग्ने गरी बढीमा १ महिनासम्म सञ्चालन गर्न सेवा प्रदायकहरुलाई निर्देशन दिइ कार्यान्वयनमा ल्याइएको ।

२. COVID-19 **लाई मध्येनजर गरी संचार सम्पर्क स्थापना गर्न सहजताको लागि प्राधिकणवाट देहाय वमोजिमका टोल फ्रि** (Toll Free) **नम्बरहरु वितरण गरी कार्यान्यवयनमा आएको :**

| क.सं | संस्थाको नाम | टोल फ्रि (Toll Free) टेलिफोन नं |
|---|---|---|
| १. | श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन परिचालन केन्द्र | ११३३ |
| २. | श्री गृह मन्त्रालय (**सवारी पासका लागि** SMS **सेवा**) | १२३४ |

| | | |
|---|---|---|
| ३. | श्री मधेशी आयोग | ११४८ |
| ४. | श्री गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालय | १०९२ |
| ५. | श्री पोखरा महानगरपालिका | ११८१ र ११८६ |

पहिले देखि नै संचालनमा रहेका र COVID-19 को शंका लागेमा जानकारी दिन उपयोगी चार अंकका Toll Free नम्बरहरु प्रयोगमा ल्याइएको:

| क.सं | संस्थाको नाम | टोल फ्रि (Toll Free) टेलिफोन नं | कैफियत |
|---|---|---|---|
| १. | श्री गृह मन्त्रालय | १११२ | निशुल्क SMS तथा e-pass को लागि समेत |
| २. | श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | १११५ | |

३. **कोरोना (COVID-19)को महामारी फैलिनबाट रोक्न** नेपाल सरकारसँग समन्वय गरी जनचेतनाका लागि सहजीकरण गरिएको :

बिश्वब्यापी महामारीको रुपमा फैलिएको COVID-19 को संक्रमण नेपालमा फैलिन नदिन संक्रमणको पहिचान गरी तत्काल परिक्षण तथा उपचार गर्न सर्वसाधरणको स्वास्थ्यसंग सम्बन्धित केही प्रश्नहरु वा सो सँग सम्बन्धित SMS दूरसंचार कम्पनीहरु नेपाल टेलिकम, एनसेल प्रा.लि. र स्मार्ट टेलिकम प्रा.लि.मार्फत ग्राहकले आ-आफ्नो मोबाइलमा प्राप्त गर्ने र सो प्राप्त भएपछि नेपाल टेलिकमको Short-code *1419#, एनसेलको Short-code *17100# डायल गरी तथा स्मार्ट टेलिकमको हकमा नीजवाट आएको SMS को लागि सोही SMS मा निर्देशित कोड डायल गरी आफ्नो स्वास्थ्य अवस्थाको बारेमा जानकारी गराई आफु, आफ्नो समाज र सम्पूर्ण देशलाई कोरोना (COVID-19) बाट जोगाउने अभियानमा सहयोग गर्ने गरी व्यवस्था मिलाई सर्वसाधरणलाई मिति २०७७।१।४ मा सूचित गरिएको तथा यसरी कुनै पनि कोड डायल गरी स्वास्थ्यसंग सम्बन्धित प्रश्नहरुको उत्तर प्रवाह गर्दा ग्राहकलाई कुनै शुल्क नलाग्ने गरी प्रबन्ध मिलाइएको ।

नेपाल दूरसंचार प्राधिकरण NEPAL TELECOMMUNICATIONS AUTHORITY

### ४. कोरोना भाइरस कोषमा रकम जम्मा गरिएको :

(क) विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस COVID-19 रोगको संक्रमणलाई फैलिन नदिन तथा सो को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्वारा खोलिएको "कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा प्राधिकरणको कोषवाट ब्यहोर्ने गरी रु १५,००,००,०००।०० (अक्षरुपी पन्ध्र करोड रुपिया) जम्मा गरिएको ।

(ख) नेपाल सरकारवाट खोलिएको उक्त "कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा प्राधिकरणका पदाधिकारीहरु तथा कर्मचारीहरुको तर्फवाट कूल रु ४,५६,०४१।१५ (अक्षरुपी चार लाख छपन्न हजार एकचालिस रुपिया पन्ध्र पैसा) रकम जम्मा गरिएको ।

(ग) साथै प्राधिकरणवाट दूरसंचार सेवाको अनुमतिपत्र प्राप्त सवै सेवा प्रदायकहरुलाई पनि उक्त कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा आ-आफ्नो तर्फवाट यथाशक्य सहयोग गर्न अनुरोध गरिएको तथा सेवा प्रदायकहरुवाट उक्त कोषमा योगदान भएको ।

### ५. अश्लिल सामग्रीहरु भएका साइटहरुमा पहुँच नपुग्ने व्यवस्था सम्बन्धमा :

विश्वका धेरै राष्ट्रहरूमा कोरोना भाईरस (कोभिड-१९) फैलिरहेको अवस्थामा नेपालमा पनि उक्त भाइरसबाट हुने संक्रमणको जोखिम कम गर्न नेपाल सरकारबाट देशभरि नै लकडाउन घोषणा गरेको अवस्था तथा वढ्दो इन्टर्नेटको खपतका वखत इन्टरनेटको माध्यमबाट बालबालिका विरुद्ध हुन सक्ने अनलाईन दुर्व्यवहार रोक्न तथा सुरक्षित इन्टरनेट सेवा प्रवाह हुने व्यवस्था गर्न अश्लिल (चलचित्र तथा तस्वीर लगायत) सामग्रीहरु भएका साइटहरु (URL, IP Address लगायत) मा पहुँच नपुग्ने व्यवस्था गर्न सम्बन्धित सवै इन्टर्नेट सेवा संचालकहरुलाई मिति २०७६।१२।२७ मा अनुरोध गरी आवश्यक प्रबन्ध मिलाइएको ।

### ६. सेवा संचालनका लागि निर्वाधरुपमा काममा आवत जावत गर्नका लागि सहजीकरण गरिएको :

विश्वभर फैलिरहेको कोरोना भाईरस COVID-19 को संक्रमणको विरुद्ध नेपाल सरकारले देशभर लागु गरेको Lockdown को अवस्थामा पनि आवश्यक सेवा सञ्चालन ऐन, २०१४ तथा अत्यावश्यक सेवा र औधोगिक व्यवसाय ऐन, २०७६ अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त सेवा दूरसंचार भएकोले चौबिसै घण्टा निरन्तर दूरसञ्चार सेवा सञ्चालन गर्न देशभर बिभिन्न दुरसंचार सेवा संचालन गर्ने सँस्थाहरुले निर्माण गरेको BTS टावरहरुको मर्मत सम्भार गर्न र सिम कार्डहरुको व्यवस्थापनका लागि खटिएका सँस्थाका प्राबिधिक तथा कर्मचारीहरुलाई आफ्नो Duty को बखत देशको विभिन्न ठाउँमा सवारीसाधान आवत-जावतमा रोकावट गर्ने, सवारी चालक तथा कर्मचारीहरु माथि अभद्र ब्यबहार गर्ने, कुटपिट तथा गालीगलौज गरी सावरीसाधान समेत जफत गरी राख्ने जस्ता कार्यहरु भएको भनी गुनासा तथा जानकारी प्राप्त भएको सन्दर्भमा बिभिन्न निकायहरुका प्रतिनिधिहरु, स्थानीय निकायका पदाधिकारी तथा स्थानीय बासिन्दा एवं नागरिक समाजका सम्पूर्ण प्रतिनिधिहरुमा दूरसंचार सेवा संचालकहरुले निर्माण गरेको BTS टावरको मर्मत तथा सम्भारमा खटिएका प्राबिधिक, कर्मचारी तथा सहयोगीहरुलाई निर्वाधरुपमा आफ्नो काममा आवत जावत गर्नका लागि आवश्यक सहजीकरणका लागि सम्बन्धित सबैमा मिति २०७६।१२।२६ मा अनुरोध गरिएको ।



NEPAL TELECOMMUNICATIONS AUTHORITY

### ७. इन्टरनेट सेवा शुल्कमा २५% छुट दिन निर्देशन जारी गरिएको :

कोभिड-१९ को संभावित संक्रमणलाई दृष्टिगत गरी विषम परिस्थितिमा अत्यावश्यक सेवाहरु मात्र सूचारु गरी नेपाल सरकारबाट मुलुकभर लकडाउन गरिएको सन्दर्भ तथा मिति २०७६ साल चैत्र १२ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले गरेको दूरसञ्चार कम्पनिहरुले लकडाउनको अवधिमा इन्टरनेट प्रयोग गर्ने ग्राहकहरुलाई २५% छुट दिने व्यवस्था मिलाउन निर्देशन दिने भन्ने निर्णय कार्यान्वयनका सन्दर्भमा नेपाल दूरसञ्चाकर प्राधिकरणबाट इन्टर्नेट इमेल सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सबै सेवा प्रदायकहरु (प्रमुख दूरसञ्चार सेवा प्रदायकहरु लगायत) लाई लकडाउन अवधिभर इन्टर्नेट तथा डाटा सेवामा २५ प्रतिशत छुट दिने व्यवस्थाको लागि मिति २०७६।१२।१८ मा निर्देशन जारी गरिएको ।

### ८. कार्यालय संचालन तथा सेवा प्रवाह गर्ने सम्बन्धमा :

कोभिड-१९ को संभावित संक्रमणलाई दृष्टिगत गर्दै नेपाल सरकारवाट मिति २०७६।१२।११ देखि अत्यावश्यक सेवाहरु मात्र सूचारु गरी मुलुकभर लक डाउन भएको विषम परिस्थितिमा प्राधिकरणका कर्मचारीहरुले कार्यालयको Office Automation System को समेत उपयोग गरी दूरसंचार सेवा प्रदायकसँग समुचित समन्वय समेत गरी दूरसंचार सेवालाई निर्वाध रुपमा संचालन गर्ने गराउने गरी प्रबन्ध मिलाइएको ।

### ९. संभावित Congestion न्यूनिकरण गरी दूरसंचार सेवाको निरन्तरता सम्बन्धमा :

विश्वव्यापीरुपमा देखिएको कोरोना भाइरस (COVID-19) को समस्याले गर्दा इन्टर्नेट सेवाको खपत अस्वभाविक रुपमा वृद्धि भैरहेको सन्दर्भमा Network Traffic Congestion हुन गई सेवा नै अवरुद्ध हुन सक्ने भएको हुदा प्राथमिकताका आवश्यक Application मात्र प्रयोग गरी सहयोग गरिदिनु हुन सम्बन्धित ग्राहकवर्ग लगायत सबैमा प्राधिकरणले अनुरोध गरी मिति २०७६।१२।१० मा सार्वजनिक रुपमा अपिल गरिएको ।

### १०. दूरसंचार सेवा सूचारु राख्न सेवा प्रदायकलाई सवारी पास उपलब्ध गराइएको :

नेपाल दूरसंचार प्राधिकरणवाट विभिन्न दूरसंचार सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त संस्थाहरुले बन्दाबन्दी (Lock Down) अवधिभर पनि दूरसंचार सेवा सूचारु राख्नुपर्ने भएकोले नेपाल सरकारको निर्देशन अनुरुप २५ % सम्म सवारी साधनहरु बन्दाबन्दी (Lock Down) अवधिभर प्रयोग गर्ने गरी सेवा संचालकहरुलाई सवारी पास उपलब्ध गराइएको ।

### ११. इन्टरनेट सेवा सुचारु राख्न इन्टर्नेट सेवा प्रदायकहरुलाई निर्देशन जारी गरिएको :

कोरोना भाईरस (कोभिड-१९) को संभावित संक्रमण फैलिन नदिन तथा रोकथामको लागि नेपाल सरकारबाट मुलुकभर बन्दाबन्दी (लकडाउन) गरिएको विषम परिस्थितिमा अत्यावश्यक सेवाहरु सूचारु राख्नु पर्नेमा केही इन्टर्नेट सेवा प्रदायकहरुले समयमा महशुल भुक्तानी नगरेको कारण सेवा अवरुद्ध



नेपाल दूरसंचार प्राधिकरण NEPAL TELECOMMUNICATIONS AUTHORITY

गरेको भन्ने गुनासो प्राप्त भएको सन्दर्भमा बन्दाबन्दीको अवधिमा इन्टर्नेट सेवाको महशुल भुक्तानी गर्न असमर्थ भएको अवस्थामा इन्टर्नेट सेवा अवरुद्ध हुँदा आम मानिसमा त्यसको नकारात्मक असर पर्न जाने भएकोले सम्भव भएसम्म अनलाईन माध्यमबाट भुक्तानी लिने व्यवस्था गर्न र यसरी भुक्तानी गर्न असमर्थ ग्राहकहरुको इन्टर्नेट सेवा समेत बन्दाबन्दी अवधिभर निरन्तर सञ्चालन हुने गरी बन्दाबन्दी अवधि पश्चात विलम्ब शुल्क नलिई भुक्तानी लिने व्यवस्था मिलाउनु नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टर्नेट इमेल सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सबै सेवा प्रदायकहरु (प्रमुख दूरसञ्चार सेवा प्रदायकहरु लगायत) लाई निर्देशन जारी गरिएको ।

**१२. ब्रोडवैण्ड सेवा सुचारु गरी सेवा प्रवाह गरिएको:**

विश्वभर फैलिएको Covid-19 को महामारीको कारण उत्पन्न बिषम परिस्थितिमा क्वारेन्टिन तथा उपचारमा समेत टेवा पुग्ने गरी भुकम्प प्रभावित जिल्लाहरु काभ्रे, सिन्धुपाल्चोक, रसुवा र नुवाकोटका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था आदिमा संचालनमा नरहेका ठाउँमा ब्रोडव्याण्ड सेवा सुचारु गरी सेवा प्रबाह गर्न प्राधिकरणबाट नेपाल टेलिकमलाई निर्देशन दिई सेवा पूनः सुचारु गरिएको ।

**१३. सेवा प्रदायकको ग्राहक प्रणाली(CRM)मा भएको साइबर हमला सम्बन्धमा अनुसन्धान गरी सेवाग्राहीको हक हित संरक्षणका लागि पहलकदमी लिइएको :**

इन्टरनेट सेवा प्रदायक कम्पनी भायानेट प्रा.लि.को ग्राहक प्रणाली(CRM) मा साइबर हमला(Cyber Attack) गरी सेवाग्राहीहरुको व्यक्तिगत विवरण सार्वजनिक भएको विषयमा प्राधिकरणको गम्भिर ध्यानाकर्षण भई भायानेट प्रा.लि.ले तुरुन्त सम्बन्धित प्रणालीको कमजोरीलाई हटाएको (patched the vulnerability) र इन्टरनेट सेवाग्राहीहरुको विवरणलाई सुरक्षित गरिएको जानकारी प्राधिकरणमा प्राप्त गरी हमला गर्ने व्यक्तिको खोजी सम्बन्धित निकायबाट भईरहेको र भविष्यमा यस्तो घटना दोहोरिन नदिने प्रतिबद्धता समेत व्यक्त गरेको । उक्त इन्टरनेट सेवाका ग्राहकहरुको विवरण कसैलाई अनधिकृत रुपमा प्राप्त हुन आएमा त्यस्तो विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्न/नगराउनु हुन र प्राधिकरणलाई त्यस्तो व्यक्तिको बारेमा तुरुन्त जानकारी गराउनुहुन सार्वजनिक सूचना प्रकाशित जारी गरी उक्त सुचनाको अवज्ञा गरी कसैले विवरण सार्वजनिक गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सहितको सूचना सम्बन्धित सवैको जानकारीको लागि प्राधिकरणवाट प्रवाह गरी सेवाग्राहीको हक हित संरक्षणका लागि पहलकदमी लिइएको ।

**१४ Contact Tracing का लागि कोभिड एप विकासका वखत सहजीकरण तथा प्राविधिक सहयोग गरेको :**

नेपाल सरकारले कोभिड-१९ को संकमण रोकथाम तथा उपचारका सम्बन्धमा contact Tracing को प्रयोजनका लागि विकास गरेको CovidNP मोवाइल एप निर्माण गर्दा विभिन्न मोवाइल सेवा संचालकहरुसँग आवश्यक समन्बय समेत गरी उपयुक्त प्राविधिक सहयोग प्रदान गरिएको ।

नेपाल दूरसंचार प्राधिकरण
NEPAL TELECOMMUNICATIONS AUTHORITY

**१५. कोभिड-१९ Crisis Management Centre सँग समन्वय गरी सहजीकरण गरिएको :**

निशुल्क रुपमा SMS तथा short code को माध्यमवाट संचार सम्पर्क गरी संक्रमितको पहिचान तथा Isolation का लागि उपयोगी हुने गरी कोभिड-१९ Crisis Management Centre सँग समन्वय गरी आवश्यक facilitation प्रदान गरेको ।

**१६. भर्च्युयल माध्यमवाट शिक्षाको लागि उपयोगी हुने गरी इ-शिक्षा प्याकेज प्रदान गर्न सहजीकरण गरिएको:**

विश्वब्यापी रुपमा फैलिएको Covid-19 को महामारीका वखत संभावित संक्रमणलाई दृष्टिगत गरी मुलुकभर बन्दाबन्दी (Lock Down) भई विद्यालयहरु बन्द रहेको अवस्थामा Virtual माध्यमवाट शिक्षा प्रदान गर्न e-shichhya प्याकेज ल्याई विद्यार्थीवर्गहरु लाभान्वित हुने गरी मोवाइल सेवा प्रदायकहरुसंग समन्वय गरी सहजीकरण कार्य गरिएको ।

.............

प्रवक्ता

नेपाल दूरसंचार प्राधिकरण NEPAL TELECOMMUNICATIONS AUTHORITY

मिन प्रसाद अर्याल

नेपाल दूरसंचार प्राधिकरण

२०७७।२।१६